आज मिति २०८२-०१-०८ गते सोमबारका दिन यस के.आई.सिंह गाउँपालिकाका अध्यक्ष श्री लोकेन्द्र बहादुर शाही ज्युको अध्यक्षतामा गाउँ कार्यपालिकाको चौधौं (आ.ब. ०८१-०८२) बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसि तपशिल बमोजिमका निर्णयहरु गरियो ।

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोकेन्द्र बहादुर शाही | अध्यक्ष | |
| २ | श्री मिना देवी बिष्ट | उपाध्यक्ष | |
| ३ | श्री कृष्ण बहादुर बम | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री नेत्र बहादुर रावल | वडा अध्यक्ष (वडा नं २ ) | |
| ५ | श्री राम बहादुर कुवर | वडा अध्यक्ष (वडा नं ३ ) | |
| ६ | श्री जय बहादुर धामी | वडा अध्यक्ष (वडा नं ४ ) | |
| ७ | श्री दुर्गा सिं रावल | वडा अध्यक्ष (वडा नं ५ ) | |
| ८ | श्री कृष्ण प्रसाद जैशी | वडा अध्यक्ष (वडा नं ६ ) | |
| ९ | श्री दिल बहादुर बलायर | वडा अध्यक्ष (वडा नं. ७) | |
| १० | श्री कलु देवी आउजी | कार्यपालिका सदस्य | |
| ११ | श्री नारु बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री धारु बि.क. | कार्यपालिका सदस्य | |
| १३ | श्री निर्मला कुमारी बटाला | कार्यपालिका सदस्य | |
| १४ | श्री विष्णु बहादुर माझी | कार्यपालिका सदस्य | |
| १५ | श्री नरिभान लुहार | कार्यपालिका सदस्य | |
| १६ | श्री हिमाल डगौरा | सदस्य-सचिव | |

१७. श्री शिवराज [illegible] लेखापाल

के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बायल,डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८२ साल वैशाख ८ गते सोमबार

के.आई.सिंह गाउँ कार्यपालिका कार्यालय वायल,डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः१४

**प्रस्तावहरुः**

१) प्रदेश समपूरक अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।
२) प्रदेश विशेष अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।
३) रकम माग नगर्ने सम्बन्धमा।
४) थप रकम व्यहोर्ने सम्बन्धमा।
५) कुलो निर्माणका लागि रकम विनियोजन सम्बन्धमा।
६) रकमान्तर
७) अमानतबाट कार्य गर्ने सम्बन्धमा।
८) आर्थिक सहायता सम्बन्धमा।
९) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णयहरूः**

**निर्णय नं. १:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आगामी आ.व. ०८२-०८३ का लागि यस के.आई.सिंह गा.पा.का लागि तपशीलका योजनाहरू प्रदेश समपूरक अनुदान अन्तर्गत कार्यान्वयन गर्न आवश्यक बजेटका लागि प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेशमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | ठेगाना | लागत अनुमान | आवश्यक रकम | प्राथमिकता नं. | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | वडा नं. २ | १,१८,७९,०१४।३५ | २०,७९,०१४।३५ | १ | १ वर्ष बाँकी | क्रमागत |
| २ | बेल्ताली, ढडेलमाण्डौं, करतोला, बगर हुँदै वडा नं. ५ को कार्यालय जोड्ने सडक स्तरोन्नती | वडा नं. ५ | ९४,४४,६०८।५६ | | २ | १ वर्ष | नयाँ |
| ३ | पिलेकाँडा कार्कीबगर सडक स्तरोन्नती | वडा नं. ४ | ७८,६९,२१२।३६ | | ३ | १ वर्ष | नयाँ |

**निर्णय नं. २:**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. ०८२-०८३ का लागि यस के.आई.सिंह गा.पा.का लागि तपशीलका योजनाहरू प्रदेश विशेष अनुदान अन्तर्गत कार्यान्वयन गर्न आवश्यक बजेटका लागि प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेशमा प्रस्ताव पेश गर्ने निर्णय गरियो।

| क्र.सं. | योजनाको नाम | ठेगाना | लागत अनुमान | प्राथमिकता नं. | समयावधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गरिब, विपन्न परिवारका लागि भैंसीपालन कार्यक्रम | गा.पा. | ५०,००,०००।- | १ | १ | नयाँ |
| २ | गणेशकाँडा जनजाति बस्तीमा खानेपानी तथा सिंचाई पोखरी निर्माण | वडा नं. १ | ४८,११,५५५।५५ | २ | १ | नयाँ |
| ३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | गा.पा. | ५०,००,०००।- | ३ | १ | नयाँ |

मितिः २०८२ साल बैशाख ८ गते सोमबार

के.आई.सिंह गाउँकार्यपालिका, बैठक संख्याः१४

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व.मा प्रदेश सरकारबाट विनियोजित समपूरक अनुदान अन्तर्गतको बासुदेवी स्वास्थ्य चौकी भवन निर्माणको कार्य यसै आर्थिक वर्षमा सम्पन्न हुने भएकोले उक्त क्रमागत योजनामा थप रकम माग नगर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.०८१-०८२ का लागि **लेकगडा देखि तलकोट सडक मर्मत** शीर्षकमा विनियोजित रकम रू. ७,००,०००|-(सात लाख) ले उक्त कार्यमा रकम अभाव हुने भएकोले नपुग रकम रू.३,००,०००|-(तिन लाख) **'सडक बोर्ड र अन्य योजनामा म्याचिङ रकम'** शीर्षकबाट व्यहोर्ने गरी कार्य गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व.०८१-०८२ का लागि **'साना सिंचाई कार्यक्रम'** शीर्षकमा विनियोजित रकम रू. ४,००,०००|-(चार लाख) बाट के.आई.सिंह गा.पा.वडा नं. ४ स्थित **' डुडेझाड सागडी धनदेउ धाराखेत हुँदै मौरातासम्म कुलो निर्माण'** योजनाका **लागि रू.१,३०,०००|-(एक लाख तिस हजार)** बजेट विनियोजन गर्ने निर्णय गरियो।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व.०८१-०८२ का लागि तपशीलका शीर्षकमा विनियोजित रकम खर्च भई अभाव भएको, शीर्षक संशोधन गर्नु पर्ने भएकोले देहाय बमोजिम रकमान्तर/शीर्षकान्तर गर्ने निर्णय गरियो।

| हालको शीर्षक | हाल विनियोजित रकम | रकमान्तर गर्नुपर्ने रकम | विनियोजन गर्नुपर्ने शीर्षक | कैफियत |
|---|---|---|---|---|
| कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण तथा उपदान कोष खर्च | १०,००,००० | २,५०,०००|- | इन्धन(कार्यालय प्रयोजन) | |
| पदाधिकारी तथा कर्मचारी क्षमता विकास तालिम खर्च | ४,००,०००|- | १,००,०००|- | | |
| विपदबाट क्षति भएका सिंचाई योजनाहरू मर्मत | ८,००,०००|- | ८,००,०००|- | पाइप खरिद | संशोधन |
| वासुदेवी मा.वि.मा कक्षा-१० को कोचिङ कक्षा संचालन तथा व्यवस्थापन | २,५०,०००|- | २,५०,०००|- | वासुदेवी मा.बि.मा कक्षा-१०को कोचिङ, छात्रावास संचालन तथा व्यवस्थापन | |

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व.-०८१-०८२ का लागि विनियोजित **'निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार तथा भौतिक संरचना निर्माण खर्च'** शीर्षकमा विनियोजित बजेट रू. १३,००,०००|-(तेह लाख)बाट व्यहोरिने गरि साना तथा मर्मतसम्भार सम्बन्धी तपशील अनुसारका कार्य अमानत विधिबाट गर्ने गरी स्वीकृति दिने निर्णय गरियो।

**तपशीलः**

| क्र.सं. | गरिने कार्य | आवश्यक रकम |
|---|---|---|
| १ | चण्डिका मन्दिर पर्खाल निर्माण | १,००,०००|- |
| २ | ५ नं. वडा कार्यालयको पर्खाल निर्माण | १,००,०००|- |

**निर्णय नं. ८:**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा आर्थिक अवस्था कमजोर भई मृगौला प्रत्यारोपण गर्नु पर्ने आवश्यकता रहेका शिखर न.पा. वडा नं. १ निवासी कृष्ण बहादुर नेगीलाई आर्थिक सहायता वाफत रू. २५,०००|-(पच्चिस हजार) सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा के.आई.सिंह गाउँपालिका भित्र रहेका विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्नु पर्ने भएकोले **'शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१'** स्वीकृत गर्ने निर्णय गरियो।